नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

प.सं. २०८१/८२
च.नं.

गौचर, काठमाण्डौं ।

## भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम २ अनुसार सिलबन्दीद्वारा मालवस्तु लिलाम बिक्री सम्बन्धी सूचना

(लिलाम प्रकाशित मितिः - २०८२/०१/२५)

भन्सार चोरी पैठारी अभियोगमा यस कार्यालयमा दाखिला भई फैसला भएका, त्रिभुवन विमानस्थल भन्सार कार्यालयको यात्रु जाँचपास तथा सहजीकरण शाखा (काउण्टर) बाट जफत भई यस कार्यालयमा दाखिला भएका, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय (कार्य तथा अपराध अनुसन्धान शाखा)बाट यस कार्यालयमा दाखिला भई जफत भएका, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नेपाल वायुसेवा कार्यालय यात्रु शाखा विभागबाट यस कार्यालयमा दाखिला भई जफत भएका र त्रि.वि. भन्सार कार्यालय तथा नेपाल पारवहन तथा व्यवस्था (कं.) लि. त्रिभुवन विमानस्थलको गोदामबाट ६० दिनभित्र छुटाई नलगेको कारण यस कार्यालयमा दाखिला भई जफत भएका मालवस्तु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम २ मा भएको व्यवस्था अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक फर्म/संस्था/कम्पनीको लागी यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । यो सूचना भन्सार विभागको वेवसाइट www.customs.gov.np तथा यस कार्यालयको वेवसाइट www.customs.gov.np/tia मा समेत हेर्न सकिनेछ । यस सूचना सँग सम्बन्धित दरभाउपत्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखाबाट खरिद गर्न सकिने छ । अन्य थप जानकारीको लागि कार्यालय समयावधि भित्र कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

तपसिल

| सि.नं. | मुद्दा नं./सिज नं./डिपोजिट नं./आ.ब. | मालवस्तुको विवरण | न्यूनतम मूल्य रु. | दरभाउपत्र खरिद रकम रु. |
|---|---|---|---|---|
| १. | ६२-२०८१/८२ | सर्ट(उलन,कटराईज र भेलभेट)-२१०४ थान, साडी-६० थान, जिरा-१बोरा, खुर्सानी-१ बोरा । | ६,७०,२००/- (अक्षरुपी रु छ लाख सत्तरी हजार दुई सय मात्र) | १,०००/- (अक्षरुपी रु एक हजार मात्र) |
| २. | २१५३ | One Piece ३८० पिस, सर्ट/टिसर्ट-१५० पिस,पाईन्ट-१० पिस,चप्पल-३ पिस | ३,३१,९००/- (तिन लाख एकतिस हजार नौ सय मात्र) | १,०००/- (अक्षरुपी रु एक हजार मात्र) |

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं ।

प.सं. २०८१/८२

च.नं.

| | | | | |
|---|---|---|---|---|
| ३. | त्रि.वि.ना.उ.का.बाट प्राप्त जफत मालबस्तुहरु | पुरानो सुटकेश-१६ थान, पुरानो हाते झोला ५० थान, पुराना लत्ताकपडा सहितको बोरा-२ थान, पुरानो एन्ड्रोईड मोवाईल-२० थान, पुरानो टयाव-३थान, पुरानो कि-प्याड मोवाईल-२थान, पुरानो आईफोन-७ थान, पुरानो आईप्याड-४ थान,पुरानो म्याकबुक-३थान, पुरानो हेड फोन-४ थान, पुरानो एयरपड-८ थान, पुरानो पावर बैंक-८ थान, पुरानो स्मार्ट घडी-४० थान, पुरानो साधारण घडी-१०३ थान, पुरानो चस्मा-४० थान, पुरानो ल्यापटप-१० थान,पुरानो हाते घडी-४८ थान, पुरानो मोवाईल-८ थान,पुरानो पित्तलको आम्खोरा-१ थान, ह्वाईट वोर्ड-१ थान, पुरानो तामाको लोटा-१ थान, बच्चाको पुरानो थर्मस-१ थान । | ३,०३,९५०/- (तिन लाख तिन हजार नौ सय पचास मात्र) | १,०००/- (अक्षरुपी रु एक हजार मात्र) |

<u>शर्तहरु</u>

१) सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र उल्लेखित रकम रा.बा. बैक राजस्व खातामा जम्मा गरेको सक्कल भौचर बुझाई (फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ। सिलबन्दी दरभाउपत्र खरिद गर्दा मू.अ.कर दर्ताको प्रतिलिपि, व्यवसाय दर्ताको प्रतिलिपि, आ.ब. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२) आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतले हुने धरौटी रकम रा.बा. बैक, गौचर शाखामा रहेको भन्सार कोष खाता नं. १६९०१००१०२०९०००१ मा जम्मा गरी सो को सक्कल भौचर सिलबन्दी दरभाउपत्र फाराम साथ पेश गर्नुपर्ने छ ।

३) कार्यालयबाट सिलबन्दी दरभाउपत्र जसको नाममा खरिद भएको हो सोही फर्म, कम्पनी वा संस्थाले मात्र पेश गर्न पाउने छ । अन्य फर्म, कम्पनी वा संस्थाले पेश गरेमा दरभाउपत्र रद्द हुनेछ ।

४) सिलबन्दी दरभाउपत्रमा दरभाउपत्र दाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख

प.सं. २०८१/८२
च.नं.

५) उल्लिखित मूल्यमा मू.अ.कर र प्रचलित कानून बमोजिम अन्य महशुलहरु लाग्ने भएमा उक्त महशुलहरु समावेश गरिएको छैन।

६) सिलबन्दी दरभाउपत्र १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखामा दर्ता गरी सक्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सिलबन्दी खाम बाहिर सि.नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । १६ औं दिनको १२:०० बजेभित्र दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिको रोहवरमा त्रि.वि. भन्सार कार्यालय, प्रशासनिक भवनमा खोलिने छ । दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

७) सिलबन्दी पेश हुने दरभाउपत्रमा दरभाउपत्रदाता फर्म, कम्पनी वा संस्थाको प्रोपाईटर वा आधिकारिक प्रतिनिधिले आफ्नो परिचय खुल्ने कागजातको प्रतिलिपी र फर्म दर्ताको प्रतिलिपी संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारिक सही छाप गरेको हुनुपर्नेछ ।

८) फर्म खरिद गरेको व्यक्तिले मालवस्तु हेर्न चाहेमा सूचना प्रकाशित भएको ७ औं देखि ९ औं दिन सम्म यस कार्यालयमा दिउँसो २:०० बजेदेखि ४:०० बजेभित्र मालबस्तुको नमुना मुद्दा तथा लिलामी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

९) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी गराइनेछ। सिलबन्दी दरभाउपत्र स्वीकृत भएको फर्म, कम्पनी वा संस्थाले दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिबाट ७ दिनभित्र बुझाउनु पर्ने रकम, मू.अ.कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महशुलहरु बुझाई मालवस्तु उठाई लैजानुपर्ने छ ।

१०) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्र दाताले तोकिएको म्याद भित्र सामान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी भन्सार नियमावली, २०६४ को नियम ३६(४) बमोजिम थप प्रकृया अगाडी बढाइनेछ ।

११) सिलबन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा रहने छ ।

१२) कुनै पनि शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र मान्य हुने छैन ।

१३) मोबाईल दर्ता सम्बन्धी सम्पूर्ण जिम्मेवारी लिलाम सकार कर्ताको हुनेछ ।

१४) यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१५) गोप्य सिलबन्दी दरभाउपत्र खोल्दा दुई वा दुईभन्दा बढी फर्महरुले कबोल गरेको अधिकतम रकम समान भएमा उक्त फर्महरुविच गोलाप्रथाद्वारा निर्णय गरिनेछ ।